REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40 hrs. 08.10.2025

## राजु बिष्टः प्रधानमन्त्री दार्जिलिङ संकटको नजिकबाट अनुगमन गर्दै, राहत घोषणा चाँडै हुने अपेक्षा

दार्जिलिङका सांसद राजु विष्टले प्रधानमन्त्री नरेन्द्र मोदीले दार्जिलिङमा संकटको परिस्थितिमाथि नजर राखि रहनुभएको र पीड़ित परिवारलाई सहयोग गर्न चाँडै उपायहरू घोषणा गरिने बताए। उनले दार्जिलिङ पहाड़का बासिन्दाहरूले सामना गरिरहेका चुनौतीहरूलाई सम्बोधन गर्न सबै समुदायका सदस्यहरूलाई अगाड़ि बढ्न र सामूहिक रूपमा काम गर्न आग्रह गरे।

## गृहमन्त्री अमित शाहको सिक्किम भ्रमणको लागि मुख्यमन्त्रीद्वारा समन्वय बैठकको अध्यक्षता

गृहमन्त्री अमित शाहको सिक्किम भ्रमणको लागि सम्मान भवनमा सिक्किमका मुख्यमन्त्री प्रेम सिंह तामाङको अध्यक्षतामा समन्वय बैठक सम्पन्न भयो। बैठकको भ्रमणको तयारी र समग्र कार्यक्रम संबधी रूपरेखाको समीक्षा गर्यो। विभागहरू बीच सहज समन्वय सुनिश्चित गर्ने, कार्यहरू समयमै सम्पन्न गर्ने र सिक्किमको न्यानोपन र आतिथ्यको परम्परालाई कायम राख्ने कुरामा छलफल केन्द्रित थियो। श्री शाहको भ्रमणक्रममा राष्ट्रिय सहकारी सम्मेलन 2025 र विभिन्न परियोजनाहरू भर्चुअल उद्घाटन र शिलान्यास समावेश हुनेछ जसले सिक्किमको विकास यात्रालाई अझ तीव्र बनाउने, यसको सहकारी आन्दोलनलाई सुदृढ पार्ने र राज्यभर विकास र समृद्धिको अवसरहरू बढाउने महत्वपूर्ण पहलहरू गर्नेछ।

नोभेम्बरमा प्रधानमन्त्री नरेन्द्र मोदीको भ्रमणको लागि अस्थायी तालिकाको बारेमा पनि बैठकमा छलपल र समीक्षा गरियो।

## अमित शाह 26 अक्टोबर सिक्किम आउने

केन्द्रिय गृहमन्त्री तथा सहकारिता मन्त्री अमित शाह आगामी 26 अक्टोबरमा सिक्किम भ्रमणमा आउने भएका छन्। गान्तोकको मनन केन्द्रमा आयोजना हुने राष्ट्रिय सहकारी सम्मेलन 2025 मा मुख्य अतिथिका रूपमा सहभागिता जनाउन अमित शाह सिक्किम आउने तय भएको छ।

सहकारबाट समृद्धि, समृद्धिबाट सश्कत भारत भन्ने मूल नाराका साथ आयोजना हुने उक्त सम्मेलनमा देशभरका सहकारी नेताहरू र सदस्यहरू सहभागी हुनेछन्। यस कार्यक्रमले सहकारी आन्दोलनलाई थप सुदृढ गर्ने र अन्तर्राष्ट्रिय सहकारी वर्ष 2025 लाई सार्थक बनाउने उदेश्य लिएको छ।

## सिक्किमका राज्यपालले उपराष्ट्रपति श्री सी. पी राधाकृष्णनसँग शिष्टाचार भेट गर्नुभयो।

सिक्किमका राज्यपाल श्री ओम प्रकाश माथुरले आज नयाँ दिल्लीमा भआरतका नवनियुक्त उपराष्ट्रपति श्री सी. पी राधाकृष्णनसँग शिष्टाचार भेट गर्नुभयो।

## मन्त्री भेन, सोनाम लामा उत्तरी सिक्किमको फेन्साङ गुम्बामा आयोजित पवित्र काग्या दुप्चोड समारोहमा।

धार्मिक मामिलाका मन्त्री सोनाम लामा उत्तरी जिल्लाको फेन्साङ गुम्बामा आयोजित पवित्र काग्या दुप्चोड समारोहमा सहभागी हुनु भयो। चलिरहेको काग्या दुप्चोड अनमुष्ठानको समर्थनमा मठ समितिलाई धर्म विबागको तर्फबाट उहाँले 5 लाख रूपियाँ प्रदान गर्नुभयो।

आफ्नो सम्बोधनमा, मन्त्रीले शान्ति, सद्भाव र सबै संवेदनशील प्राणीहरूको कल्याणको लागि हार्दिक प्रार्थना गर्नुभयो।

उहाँले मुख्यमन्त्री प्रेम सिंह तामाङको दूरदर्शी नेतृत्वमा राज्य सरकारको भिक्षु संस्थाहरूलाई सुदृढ पार्ने र राज्यभर आध्यात्मिक सद्भाव प्रवर्द्धन गर्ने प्रतिबद्धतामाथि थप प्रकाश पार्नुभयो।

## तादोङमा PMFBY अन्तर्गत खरीफ 2025 को लागि ‘मेरी पलिसी मेरे हात’ अभियान आयोजित

सिक्किम सरकारको कृषि विभागको कृषि जनगणना एकाईले आज गान्तोकको तादोङस्थित नयाँ समेती हलमा ‘प्रधानमन्त्री फसल बीमा योजना’ PMFBY अन्तर्गत खरीफ 2025 को लागि राज्यस्तरीय नीति वितरण ‘मेरी पलिसी मेरे हात’ अभियान आयोजना गरेको छ। PMFBY का लागि राज्य नोडल अधिकारी अतिरिक्त निर्देशक, रचना गुरूङले कार्यक्रमको महत्वलाई प्रकाश पार्दै संक्षिप्त टिप्पणी गर्नुभयो।

उहाँले उल्लेख गर्नुभयो कि राज्यका सबै जिल्लाहरूमा 1 अक्टोबर देखि 31 अक्टोबरसम्म खरीफ 2025 सिजनको लागि PMFBY अन्तर्गत घरदैलो नीति वितरण अभियान मेरी पिलीसी मेरे हात आयोजना गरिँदैछ। यस अभियानको उद्देश्य किसानको घरदैलोमा बाली बीमा नीतिहरू पुर्याउनुका साथै ग्राम पञ्चायत स्तरमा सघन जागरूकता उत्पादन र किसान संवेदीकरण गतिविधिहरू गर्नु हो। कृषि विभागका सचिव जिग्मे दोर्जी भुटियाले सिक्किम राज्यमा PMFBY योजनाको महत्वमाथि प्रकाश पार्दै आफ्नो मुख्य भाषण दिए।

थाइल्याण्डमा हुने UWSFF विश्व  प्रो च्याम्पियनसिप 2025 मा सिक्किमका संजय बढाथोकी निर्णायक हुनेछन्।

नोभेम्बर 27 देखि 29, 2025 सम्म थाइल्याण्डको पटायामा आयोजना हुने आगामी UWSFF विश्व प्रो च्याम्पियनसिप 2025 का लागि अन्तर्राष्ट्रिय खेलाड़ी संजय बुढाथोकी सम्मानित निर्णायक मध्ये एकको रूपमा छनोट भएका छन्।

युनाइटेड वर्ल्ड  स्पोर्ट्स एण्ड फिटनेस फेडरेशन (UWSFF) द्वारा आयोजित, यो च्याम्पियनसिप विश्वव्यापी शरीर सौष्ठव र फिटनेसको सबैभन्दा प्रतिष्ठित कार्यक्रमहरू मध्ये एक हो। यसमा प्रतिष्ठित उपाधिका लागि प्रतिस्पर्धा गर्दै विश्वभरका शीर्ष पेशेवर बडीबिल्डरहरूको सहभागिता रहनेछ।

सिक्किम एथलेटिक संगले 40 औं जुनियर राष्ट्रिय एथले्टिक्स च्याम्पियनशिपमा भाग लिनेछ।

सिक्किम एथलेटिक संघले 10 देखि 14 अक्टोबर 2025 सम्म ओडिशाको भुवनेश्वरमा आयोजना हुने 40 औं जुनियर राष्ट्रिय एथलेटिक्स च्याम्पियनशिपमा भाग लिन 4 सदस्यीय खेलाड़ीहरूको टोली पठाएको छ।

प्रबन्धक सह- प्रशिक्षक चन्द्र माया दासको नेतृत्वमा रहेको टोलीमा 18 र 20 वर्ष मनिका केटा र केटी खेलाड़ीहरू छन्। यो कार्यक्रम  एथलेटिक फेडरेशन अफ इन्डिया द्वारा आयोजित राष्ट्रिय स्तरको कार्यक्रम हो।